स्थानीय राजपत्र

सरुमारानी गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः७ संख्याः ३ साल २०८० ,गते ५ बैसाख ,**

# भाग-२

# सरुमारानी गाउँपालिका

# सार्वजनिक परीक्षण कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०।०१।०५

प्रमाणिकरण मितिः२०८०।०१।०७

**परिचय**

सरुमारानी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी गर्न तथा यस गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सहभागितामूलक किसिमले लेखाजोखा गर्ने कार्यलाई ब्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) बमोजिम "सरुमारानी गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि, २०८०" तर्जुमा गरी मिति २०८०/१/५ गतेको गाउँकार्यपालिकाको बैठकको निर्णयबाट स्वीकृत गरी लागु गरिएकोछ ।

## परिच्छेद १

## कार्यविधिको उद्देश्य, संक्षिप्त नाम तथा परिभाषा

**१.कार्यविधिको उद्देश्यः** यस कार्यविधिको उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:

(क) गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सरोकारवालावाट लेखाजोखा हुने पद्धतिको स्थापना गर्ने,

(ख) गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रणाली अवलम्बन गर्न मार्गदर्शन गर्ने,

(ग) गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने,

(घ) गाउँपालिकाले संचालन गर्ने कार्यक्रम वा आयोजनाहरूको सार्वजनिक परीक्षण प्रक्रियामा एकरुपता ल्याउने,

२.संक्षिप्त नाम र प्रारम्भः यस कार्यविधिको नाम "सरुमारानी गाउँपालिकाको सार्वजनिक परीक्षण कार्यविधि २०८०" रहेकोछ ।यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृती गरेको मिति देखि लागु हुनेछ ।

३.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) "ऐन "भन्नाले स्थानीय सरकासर सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(ग) "सभा" भन्नाले नेपालको संविधानको धारा-२२२ को उपधारा (१) बमोजिमको गाउँसभा सम्झनु पर्नेछ ।

(घ) "कार्यपालिका" भन्नाले संविधानको धारा २१५ मोजिम गठन भएको गाउँकार्यपालिकालाई सम्झनु पर्नेछ ।

(ङ) "स्थानीय तहको प्रमुख "भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(च) "मन्त्रालय "भन्नाले नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्झनु पर्छ ।

(छ) "विषयगत मन्त्रालय "भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय वाहेकका नेपाल सरकारको विकास निर्माण एव सेवा सुविधाको प्रवाहसँग सम्बन्धित अन्य मन्त्रालयहरु र प्रदेश स्थित मन्त्रालयहरुलाई सम्झनु पर्छ ।

ज) "विषयगत कार्यालय "भन्नाले नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालय अन्तर्गत जिल्लास्थित कार्यालय तथा डिभिजन कार्यालय र प्रदेश स्थित विषयगत कार्यालय समेतलाई सम्झनु पर्छ ।

झ) "विकास साझेदार "भन्नाले नेपाल सरकारसँग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय एवं बहुपक्षीय दातृनिकाय, संयुक्त राष्ट्रसंघीय निकायहरु तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था र गाउँपालिकासंग भएको सम्झौता बमोजिम नगद, जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने राष्ट्रिय गैरसरकारी संस्था समेतलाई सम्झनु पर्छ ।

(ञ) "उपभोक्ता समिति "भन्नाले पालिकाद्धारा स्वीकृत आयोजना वा कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले आयोजना वा कार्यक्रम निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफुहरु मध्येबाट पालिकाद्धारा निर्धारित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ र सो शब्दले लाभग्राही समूहलाई समेत जनाउछ ।

(ट) "सामाजिक परीक्षण "भन्नाले स्थानी यसरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५)उल्लेख भए अनुसारको लेखाजोखा सम्झनु पर्छ ।

(ठ) “सार्वजनिक परीक्षण ”भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा (५)बमोजिम गाउँपालिकाले संचालन गर्ने कार्यक्रम आयोजनाको लक्ष्य उद्देश्य बजेट (आम्दानी) तथा यसबाट प्राप्त नतिजा उपलब्धी र खर्च आदिको बारेमा सरोकारवालाहरु विच जानकारी गराउने, लेखाजोखा गर्ने र मूल्यांकन गर्ने कार्य सम्झनु पर्छ ।

(ड) “गैरसरकारी संस्था ”भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रचलित कानून बमोजिम स्थापना भएका र गाउँपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई गाउँपालिकासँग समन्वय राखी कार्यक्रम सञ्चालन गर्ने गैर नाफामुलक संस्था सम्झनु पर्छ । यसलाई छोटकरीमा गै.स.स. भनिनेछ ।

(ढ) “सामुदायिक संस्था ”भन्नाले जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्बन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा गाउँपालिकामा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

(ण) “योजना” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा (१) मा उल्लेख भए बमोजिम गाउँपालिकाको समग्र विकास निर्माण सम्बन्धी तयार पारिएको आवधिक, बार्षिक र रणनीतिगत तथा विषयक्षेत्रगत योजना र यस्तै प्रकारका अन्य योजनालाई सम्झनु पर्छ ।

(त) “कार्यक्रम” भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि पालिकाद्धारा तयार गरिएको क्षेत्रगत वा वहुक्षेत्रगत कार्यक्रम सम्झनु पर्छ ।

(थ) “आयोजना” भन्नाले गाउँपालिकाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधी र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिकालागि तयार गरिएको आयोजना सम्झनु पर्छ ।

(द) “अनुदान” भन्नाले नेपाल सरकार र प्रदेश सरकारबाट गाउँपालिकालाई प्राप्त हुने वित्तीय समानिकरण, सशर्त, समपुरक तथा विशेष अनुदान, विभिन्न मन्त्रालय, कोष र दातृ निकायबाट उपलब्ध हुने वित्तीय, प्राविधिक एवं वस्तुगत सहयोग समेत सम्झनु पर्छ ।

(ध) “लक्षित समूह” भन्नाले आर्थिक रुपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रुपमा पिछडिएका वर्गहरु (सबै जातजातिका विपन्न वर्गहरु, ज्येष्ठ नागरिक, दलित, आदिवासी÷जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरु, मधेसी, मुश्लिम तथा पिछडा वर्ग) एवं नेपाल सरकार र प्रदेश सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्छ ।

(न) “समुदायबाट संचालन हुने योजना ”भन्नाले गाउँपालिकाको सहयोगमा उपभोक्ता समिति, गैरसरकारी संस्था, टोल विकास संस्था र सामुदायिक संस्थाबाट संचालन हुने निर्माण तथा आर्थिक एवं सामाजिक विकास सम्बन्धी आयोजनालाई सम्झनु पर्नेछ ।

प) “साना कार्यक्रम वा आयोजना” भन्नाले रु.पाँच लाख भन्दा कम लगानी भएका कार्यक्रम वा आयोजनालाई सम्झनु पर्नेछ ।

फ) "ठुला कार्यक्रम वा आयोजना" भन्नाले रु.पाँचलाख वा सो भन्दा माथि लगानी भएका कार्यक्रम वा आयोजनालाई सम्झनु पर्नेछ ।

## परिच्छेद २

## सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

**४. सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्थाः** कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षणको व्यवस्था देहाय बमोजिम हुनेछः

४.१ कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्नुपर्नेः

गाउँपलिकाद्धारा वाह्य तथा आन्तरिक श्रोतबाट संचालन गरेका सबै किसिमका कार्यक्रम तथा आयोजनाहरु सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी पूर्व अनिवार्य रुपमा सार्वजनिक परीक्षण गराउनु पर्दछ । तर कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको प्रारम्भमा र किस्ता निकासापूर्व सार्वजनिक परीक्षण गराउन यो व्यवस्थाले बाधा पुर्याएको मानिने छैन । यस्तो व्यवस्था निर्माण व्यवसायी, उपभोक्ता समिति, गैसस, टोल विकास संस्था, सामुदायिक संस्थासँग गरिने सम्झौतामा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

४.२ कार्यक्रम तथा आयोजनाको वर्गीकरणः

कार्यक्रम तथा आयोजना वा कार्यक्रमहरुमा भएको लगानीको आधारमा रु.पाँच्र लाखभन्दा कम तथा बढि रकम लगानीका आधारमा साना तथा ठूला आयोजना वा कार्यक्रम भनी बर्गिकरण गरी सार्वजनिक परीक्षण कार्य सरलीकृत र विस्तृत गरिनेछ । सार्वजनिक परीक्षण कार्यपालिका आफै वा सहजकर्ता सेवा करारमा लिई गर्न सकिनेछ ।

४.३ विकास साझेदारहरूको सहयोगबाट संचालन हुने योजनाको सार्वजनिक परीक्षणः

यस कार्यविधिमा अन्यत्र जे सुकै उल्लेख भएतापनि विकास साझेदारहरुको सहयोगमा सञ्चालित कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण उक्त कार्यक्रम तथा आयोजनाको सम्झौता वा दस्तावेजमा उल्लेख गरेको व्यवस्था अनुसार हुनेछ । सो नभएमा यसै कार्यविधि अनुसार सार्वजनिक परीक्षण गरिनेछ ।

## परिच्छेद–३

## साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण सम्बन्धी व्यवस्था

**५. साना कार्यक्रम वा आयोजनाको सार्वजनिक परीक्षण गर्नुपर्नेः**

समुदाय (उपभोक्ता समिति, गैर सरकारी संस्था, टोल विकास संस्था र समुदायिक संस्था) मार्फत संचालन वा निर्माण भएका रु. पाँचलाख भन्दा कम रकम लगानी भएका आयोजनाहरूको बुँदा नं.६ देखि ८ मा भएको व्यवस्था अनुसार सार्वजनिक परीक्षण गर्नुपर्नेछ । रु. पाँच लाख भन्दा कम रकमको लगानी हुने योजनाको लागि सहजकर्ताले अनुसूची-२ मा दिइएको ढाँचा प्रयोग गर्नु पर्नेछ ।

## ६.सार्वजनिक परीक्षणको सूचना

आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति,सामुदायिक संस्थाले कम्तीमा सातदिन अगावै सार्वजनिक परीक्षण हुने मिति, समय र स्थानखोली सम्वन्धित उपभोक्ता, समुदायका सदस्यहरूलाई सूचनादिनु पर्नेछ ।

## ७.साना आयोजना वा कार्यक्रम सम्बन्धी विवरण तयारी

कार्यक्रम वा आयोजना संचालन गर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्थाले सम्पन्न योजना सम्बन्धी विवरण अनुसूची—१ को ढाँचामा तयार गर्नुपर्नेछ । यसरी तयार गरेको विवरण सार्वजनिक परीक्षण गर्ने समुदायको भेलामा प्रस्तुत गरी सोको एक प्रति गाउँपालिकामा बुझाउनु पर्नेछ ।

## ८. साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला संचालन विधि

८.१ साना आयोजना वा कार्यक्रम सार्वजनिक परीक्षण भेला वा कार्यक्रम शुरुगर्नु भन्दा पहिले उपस्थिति पुस्तिका खडा गरी कार्यक्रममा उपस्थित भएका समुदायका सदस्यहरूको उपस्थिति गराउनु पर्नेछ । कार्यक्रमलाई ब्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार गर्नु पर्नेछ । सहजिकरण कार्यतालिकाको नमूना अनुसूची-७ मा दिएकोछ ।

८.२ आयोजना वा कार्यक्रम संचालन गर्ने उपभोक्ता समिति, गैसस, टोलविकास समिति, सामुदायिक संस्थाले अनुसूची-१ बमोजिमको सम्पन्न आयोजनाको पूर्ण विवरण भेलामा प्रस्तुत गर्नु पर्नेछ ।

८.३ कार्यक्रम वा आयोजना संचालन गर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्थाबाट विवरण प्रस्तुत भै सकेपछि सहभागी समुदायका सदस्यहरूलाई आफ्नो बिचार राख्ने अवसर दिनु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्थाको हुनेछ ।

८.४.कार्यक्रम वा आयोजना संचालन गर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्थाको कुनै सदस्य वा सहजकर्ताले सहभागीहरूबाट आएका प्रतिक्रिया तथा सुझावहरू उपस्थिति पुस्तिकामा उल्लेख गर्नुपर्नेछ । भेलामा कुनै निर्णय भएमा सोको निर्णय समेत सोही पुस्तिकामा उल्लेख गरिनेछ । सहजकर्ताले सहजीकरण गर्ने प्रयोजनकोलागी अनुसूची ८ मा दिइएको चेकलिष्ट प्रयोग गर्नु पर्नेछ ।

८.५कार्यक्रमको अन्त्यमा पुस्तिकामा उल्लेख गरिएका प्रतिक्रिया, सुझाव तथा निर्णयहरू सहभागीहरूलाई सुनुवाई उपस्थित गाउँपालिकाका प्रतिनिधिहरू र जनसमुदायले तोकेको दुईजना प्रतिनिधिबाट प्रमाणित गराउनु पर्नेछ । यसरी प्रमाणित गरिएको टिपोटको प्रतिलिपि कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्थाले आयोजनाको अन्तिम भुक्तानीको लागि गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

## परिच्छेद—४

## ठूला कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण सम्वन्धी ब्यवस्था

**९. ठुला कार्यक्रम तथा आयोजनाको सार्वजनिक परीक्षण गर्नुपर्नेः**

रु. पाँच लाख भन्दा बढी रकम लगानी भएका समुदाय वा उपभोक्ता समिति मार्फत संचालित कार्यक्रम तथा आयोजनाहरूको बुँदा नं. १० देखि १३ सम्म र निर्माण व्यवसायी मार्फत संचालन भएका योजनाहरूको सार्वजनिक परीक्षण बुँदा नं.१४ र १५ मा भएको व्यवस्था अनुसार गर्नुपर्नेछ ।

**१०.समुदाय वा उपभोक्ता समिति मार्फत संचालित ठूला कार्यक्रम तथा आयोजनाहरूको सार्वजनिक परीक्षणः**

समुदाय मार्फत संचालन भएका रु.पाँच लाख रुपैया भन्दा बढी रकम लगानी भएका आयोजनाहरूको सार्वजनिक परीक्षणको कार्यसम्पादन गरी प्रतिवेदन पेश गर्न सम्बन्धित कार्यक्रम तथा आयोजनमा प्रत्यक्ष संलग्न नभएको प्राविधिक वा अन्य कर्मचारी वा सार्वजनिक परीक्षणका लागी सेवा करार लिएको व्यक्तिलाई सहजकर्ताको रुपमा गाउँपालिकाले खटाउनु पर्नेछ ।

**११.सार्वजनिक परीक्षणको सूचनाः**

आयोजना वा कार्यक्रमको सार्वजनिक परीक्षणको लागि कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति÷गैसस÷सामुदायिक संस्था/टोलविकास संस्थाले कम्तीमा सातदिन अगावै छलफल हुने मिति, समय र स्थान खोली े सम्बन्धित उपभोक्ताहरूलाई सूचना दिनु पर्नेछ ।

**१२.विषयवस्तु तयारीः**

सार्वजनिक परीक्षण कार्यक्रममा एकरुपता ल्याउन आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति÷गैसस÷सामुदायिक संस्था/टोलविकास संस्थाले सम्बन्धित उपभोक्ताहरूलाई जानकारी गराउन अनुसूची—१ बमोजिम आयोजनाको पूर्ण विवरण तयार गर्नुपर्नेछ ।

**१३.सार्वजनिक परीक्षण कार्यक्रम संचालन विधिः**

१३.१ सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ता समिति÷गैसस÷सामुदायिक संस्था÷टोलविकास संस्थाका पदाधिकारी, गाउँपालिकाबाट खटाइएका कर्मचारी, सहजकर्ता तथा उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडा गरी नाम, थर, ठेगाना तथा संस्थाको प्रतिनिधि भए नाम र पद समेतको उपस्थिति गराउनु पर्नेछ ।

१३.२ सार्वजनिक परीक्षण कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारी, प्रत्यक्ष लाभान्वित उपभोक्ता र योजना क्षेत्रका स्थानीय जनप्रतिनिधि समेत उपस्थित हुनु पर्नेछ । उपस्थितिको लागि सार्वजनिक परीक्षण हुने मिति, समय, स्थानबारे सूचना दिनुपर्नेछ । आफ्नो क्षेत्रमा हुने सार्वजनिक परीक्षण भेलामा सहभागीहुनु निर्बाचित जनप्रतिनिधिको कर्तव्य हुनेछ ।

१३.३ सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिता बारे गाउँपालिकाबाट खटाएको सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ ।

१३.४ कार्यक्रम वा आयोजना संचालनगर्ने उपभोक्ता समिति, गैसस, टोल विकास समिति, सामुदायिक संस्थाले अनुसूची—१ बमोजिमको आयोजनाको पूर्ण विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्नेछ । सोको लागि योजना खातालाई समेत प्रयोगमा ल्याउन सकिनेछ ।

१३.५ कार्यक्रम वा आयोजना संचालन गर्ने उपभोक्ता समिति, गैसस, टोलविकास समिति, सामुदायिक संस्थाकोतर्फबाट विवरण प्रस्तुत भएपछि गाउँपालिकाबाट खटाएको सहजकर्ताले पहिले तयार गरिएका प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्नेछ । सहजकर्ताले अनुसूची ८ मा दिइएको चेकलिष्टको आधारमा छलफलको सहजीकरण गर्नु पर्नेछ ।

१३.६ सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका विचारहरूलाई सहजकर्ताले टिपोट गरीराख्नुपर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझावमा आयोजना संचालन गर्ने उपभोक्ता समिति, गैसस, टोलविकास समिति, सामुदायिक संस्थाले थप स्पष्ट पार्नुपर्नेछ ।

१३.७ गाउँपालिकाले खटाएको सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरीवस्तु स्थिति सहित अनुसूची-२ बमोजिमको ढाँचामा प्रतिवेदन तयार गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन सहजकर्ताले गाउँपालिकको प्रमुख समक्ष पेश गर्नुपर्नेछ ।

**१४. निर्माण व्यवसायी मार्फत संचालन भएका योजनाहरूको सार्वजनिक परीक्षण**

निर्माण व्यवसायी मार्फत संचालित भौतिक पूर्वाधार आयोजनाहरूको सार्वजनिक परीक्षण गर्ने जिम्मेवारी सो आयोजनाको लागि तोकिएको प्राविधिक कर्मचारी वा सेवाकरारमा लिएको सहजकर्ताको हुनेछ ।

**१५.निर्माण व्यावसायी मार्फत संचालन भएका आयोजनाहरूको सार्वजनिक परीक्षण विधिः**

निर्माण व्यावसायी मार्फत संचालन भएका कार्यक्रम तथा आयोजनाहरूको हकमा सार्वजनिक परीक्षण देहाय बमोजिम गर्नु पर्नेछः

१५.१ ठेक्काबाट संचालित आयोजनाहरूको सार्वजनिक परीक्षण हुने मिति, स्थान र समय तोक्ने कार्यमा तोकिएको प्राविधिक र निर्माण व्यवसायीले समन्वय गरी सार्वजनिक परीक्षण हुनुभन्दा कम्तीमा सातदिन अगावै आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने उपभोक्ताहरूलाई सूचना दिनुपर्नेछ ।

१५.२ सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित उपभोक्ताहरूको उपस्थिति पुस्तिका खडागरी नाम, थर, ठेगाना र संस्था भएमा नाम, पद सहित उपस्थिति गराउनु पर्नेछ ।

१५.३ सार्वजनिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचारसंहिता बारे गाउँपालिकाबाट खटाएको प्राविधिक कर्मचारी वा सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराउनु पर्नेछ ।

१५.४ आयोजना संचालन गर्ने निर्माण व्यवसायीले अनुसूची—३ बमोजिमको आयोजनाको विवरण कार्यक्रममा प्रस्तुत गर्नु पर्नेछ ।

१५.५ निर्माण व्यवसायीको तर्फबाट विवरण प्रस्तुत भएपछि खटिएको प्राविधिक वा सहजकर्ताले निम्न प्रश्नहरू राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नु पर्नेछ ।

- ✓ आयोजना संचालन गर्ने निर्माण ब्यबसायीले प्रस्तुत गरे अनुसारको आयोजना सम्पन्नको स्थिति
- ✓ आयोजना उल्लेख गरेको समयमा शुरु तथा सम्पन्न भए÷/नभएको
- ✓ आयोजना वा कार्यक्रम कार्यान्वयन प्रारम्भ हुनु अघि पर्याप्त जानकारी भए/नभएको
- ✓ काम गर्ने मानिसहरूले ज्याला पाएका/नपाएका
- ✓ आयोजनामा प्रयोग भएका सामग्रीहरू गुणस्तरीय भए/नभएको
- ✓ गाउँपालिकाबाट समय समयमा निरीक्षण भए/नभएको
- ✓ निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए/नभएको
- ✓ प्राविधिकहरूबाट नियमित सुपरीवेक्षण भई सुझाव र सल्लाह प्राप्त भए/नभएको
- ✓ प्राविधिकबाट दिइएका सल्लाह र सुझावहरू उपयुक्त भए/नभएको

यी मुख्य प्रश्नहरू बाहेक प्राविधिक वा सहजकर्ताले अनुसूची -८ मा दिइएको चेकलिष्टको आधारमा छलफलको सहजीकरण गर्नु पर्नेछ ।

१५.६ सहभागीहरूले कार्यक्रममा प्रस्तुत गरेका विचारहरूलाई आयोजना वा कार्यक्रममा संलग्न प्राविधिक र निर्माण व्यवसायीले नाम सहित टिपोट गर्नु पर्नेछ । सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि निर्माण व्यवसायी एवं प्राविधिकले थप स्पष्ट पार्नु पर्नेछ ।

१५.७ सहजकर्ताले सार्वजनिक परीक्षणको क्रममा प्राप्त गुनासो, प्रतिक्रिया तथा सुझावहरूको आधारमा स्थलगत अध्ययन समेत गरीवस्तु स्थिति सहितको प्रतिवेदन अनुसूची—४ बमोजिमको ढाँचामा तयार गर्नुपर्नेछ । त्यस्तो प्रतिवेदन सम्बन्धित गाउँपालिकाको प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

**१६.सहयोग लिनसक्नेः** गाउँपालिकाले सार्वजनिक परीक्षणको लागि गाउँपालिका क्षेत्रमा कार्यरत सामुदायिक संस्था, गैर सरकारी संस्था वा अन्य संघसंस्थाको सहयोग लिन सक्नेछ ।

**१७. सूचनापाटी राखेः** पूर्वाधार कार्यक्रम वा आयोजनाको विवरण सहितको सूचनापाटी तयार गरी योजनास्थलमा राख्नु पर्नेछ । सूचनापाटीको ढाँचा अनुसूची—५ मा दिइएकोछ ।

१८.आचारसंहिताः सार्वजनिक परीक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन ब्यवस्थित कार्यतालिका तयार गरी छलफल सञ्चालन गर्नुपर्नेछ । सहजकर्ताले छलफललाई विषयमा केन्द्रित गरी ब्यवस्थित रुपमा सञ्चालन गर्न अनुसूची- ७ मा दिइएको नमूना कार्यक्रम तालिका प्रयोग गर्नुपर्नेछ । सार्वजनिक परीक्षण कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्न बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

१८.१ विषयवस्तुमा मात्र केन्द्रीत रही छलफल गर्ने ।

१८.२ निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

१८.३ सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।

१८.४ व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

१८.५ सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचार राखे वापत धन्यवाद दिने।

१८.६ सहजकर्ताले बोल्ने समय दिएपछिमात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने।

१८.७ बोल्दा पालैपालो बोल्ने र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने।

**१९.सार्वजनिक परीक्षणमा प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा लिनेः** सार्वजनिक परीक्षण, आयोजना संचालनमा जनसहभागिता वृद्धि गर्न तथा जनताहरूबाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले संचालन हुने भएकोले सार्वजनिक परीक्षणको क्रममा सहभागीहरूले व्यक्त गरेका विचारलाई पृष्ठपोषणको रुपमा लिनु पर्नेछ ।

**२०.सार्वजनिक परीक्षणमा प्रस्तुत गर्नुपर्ने कागजातहरूः** सार्वजनिक परीक्षणमा खटिएका सहजकर्ताले योजना संझौता, योजना खाता, निर्णय पुस्तिका, पत्राचार सम्बन्धी कागजात, आयब्यय विवरणर अन्य आवश्यक कागजातहरु सक्कलै वा प्रतिलिपी प्रस्तुत गर्नु वा गर्न लगाउनु पर्नेछ ।

## परिच्छेद — ५
## प्रतिवेदन कार्यान्वयन

**२१.प्रतिवेदन पेश गर्नुपर्नेः**

गाउँपलिकाद्धारा संचालित आयोजना वा कार्यक्रमहरूको सार्वजनिक परीक्षणको प्रतिवेदन गाउँपालिकाको प्रमुख समक्ष पेश गर्नु पर्नेछ । प्रमुखले सार्वजनिक परीक्षण प्रतिवेदनहरू गाउँकार्यपालिका बैठकमा प्रस्तुत गर्नु पर्नेछ ।

**२२.प्रतिवेदनका आधारमा भुक्तानी दिनुपर्ने**

सार्वजनिक परीक्षण प्रतिवेदनको आधारमा आयोजना वा कार्यक्रमको अन्तिम किस्ता भुक्तानी गर्नु पर्नेछ

**२३.प्रतिवेदन सार्वजनिक गर्नुपर्ने**

सार्वजनिक परीक्षण प्रतिवेदनका मूख्य मूख्य बुदाहरुलाई ( सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी गाउँपालिकाले सार्वजनिक गर्नु पर्नेछ ।

**२४.प्रतिवेदन सभामा पेश गर्नुपर्ने**

सार्वजनिक परीक्षण प्रतिवेदनले औल्याएका कमीकमजोरीहरू भविष्यमा नदोहोरीने गरी सुधार गर्न गाउँपालिकाले नीतिगत निर्णय गर्न सक्नेछ । यसकालागि सार्वजनिक परीक्षण प्रतिवेदन सभामा पेश गर्न अनिवार्य हुनेछ । प्रतिवेदनमा उल्लेखि

## परिच्छेद—६
## विविध

**२५.अन्य निकायहरुवाट यस सार्वजनिक परीक्षण कार्यविधिको प्रयोगः** गाउँपालिका क्षेत्र भित्र रहेका गैसस तथा अन्य सार्वजनिक संस्था, विषयगत कार्यालयहरुले पनि यसकार्यविधिलाई प्रयोग गर्न सक्नेछन् **२६.अभिमुखिकरण सम्बन्धी व्यवस्थाः** गाउँगपालिकाले यो कार्यविधि लागु गरे पछि पदाधिकारी, कर्मचारी तथा मुख्य सरोकारवालालाई एकदिने अभिमुखिकरण कार्यक्रम संचालन गर्नुपर्नेछ । अभिमुखिकरण कार्यक्रममा प्रस्तुत गर्ने विषयको ढाँचा अनुसूची—६ मा दिइएकोछ । गाउँपालिकाले सार्वजनिक परीक्षणका वारेमा सर्वसाधारणको जानकारीको लागि प्रचार प्रसार गर्नु पर्नेछ ।

**२७. थपघट र हेरफेरः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै वाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अडका उफुकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ ।

**२८.खारेजी तथा बचाउः** (१) यसकार्यविधिको कुनै प्रावधान प्रचलित कानून एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्तव्य वस्थापन ऐन २०७४ र अन्य सम्वन्धित संघीय तथा प्रदेश कानूनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची—१
## (कार्यविधिको बुँदा (७), (८.२) तथा (१२)संग सम्बन्धित)

उपभोक्ता समिति वा सामुदायिक संस्थाले तयार गर्ने आयोजना वा कार्यक्रम सम्बन्धी विवरणको ढाँचाः

१.कार्यक्रम वा आयोजनाको

(क) नामः.....................................(ख) स्थल............................................

(ग) पहिलो किस्ता रकम.........................प्राप्त मिति.........................

(घ) लागत रकमः..................................

(ङ)शुरु हुने वा भएकोमिति.................................

(च)सम्पन्न हुने वा भएको मिति............................

२. उपभोक्ता समिति/गैसस/टोल विकास संस्था/सामुदायिक संस्थाको

(क)नामः .....................(ख)अध्यक्षको नाम...........

(ग)सदस्य संख्याः............ महिला संख्या...........पुरुष संख्या..........

३.आम्दानी खर्चको विवरणः

(क)आम्दानीतर्फ

| आम्दानीको स्रोत (कहाँबाट नगद वा जिन्सी प्राप्त भयो स्रोत खलाउने) | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| | | |
| | | |

(क)खर्चतर्फ

| खर्चको विवरण | दर | परिमाण | जम्मा रकम |
|---|---|---|---|
| १.सामाग्री (के के सामाग्री खरिद भए?) | | | |
| | | | |
| | | | |
| २. ज्याला (के वापत कति ज्याला भुक्तानी भयो? | | | |
| | | | |
| ३.श्रमदान —कति जनाले कुन काममा श्रमदान गरे?) को विवरण | | | |
| | | | |
| ४.ब्यवस्थापन खर्च(ढुवानी तथा अन्यखर्च) | | | |
| | | | |

(ग)मौज्दात

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|
| १.नगद | | |
| (क)बैंक | | |
| (ख)ब्यक्तिकोजिम्मा | | |
| २.सामग्री | | |
| | | |

(घ)भुक्तानी दिन बाँकी

| विवरण | रकम तथा परिमाण | कैफियत |
|---|---|---|

| | | |
|---|---|---|
| | | |

**४.योजनाको लक्ष तथा प्रगति विवरण**

| कामकोविवरण | लक्ष | प्रगति | पुष्ट्याँइको आधार |
|---|---|---|---|
| | | | |

५.योजनाले पुर्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएको स्थानका उपभोक्ताहरू)

६. आयोजना वा कार्यक्रम संचालन गर्दा आयोजक संस्थामा कामको जिम्मेवारी बाँडफाँड (कस कसले केकस्तो कामका जिम्मेवारी लिएका थिए?खुलाउनेः

७.आयोजना वा कार्यक्रम संचालनको क्रममा गाउँपालिकाले गरेको अनुगमन पटकः

८.कार्यक्रम संचालनको क्रममा भोगेका समस्याहरू(बुंदागतरुपमा लेख्ने)

९.कार्यक्रम संचालनको क्रममा भएको राम्रो सिकाइ (बुंदागत रुपमा लेख्ने)

१०.सम्पन्न योजनालाई दिगो रुपमा संचालन गर्न भविष्यको योजना केछ ?(बुंदागत रुपमा लेख्ने)

११. समितिको सुझाव अन्य केही भए (बुंदागत रुपमा लेख्ने)

१२.उपभोक्ता समितिःसामुदायिक संस्थाका पदाधिकारी तथा सदस्यहरूको दस्तखतः

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| नामः | नामः | नामः |
| कोषाध्यक्ष | सचिव | अध्यक्ष |

विवरण तयार मितिः

अनुसूची—२

(कार्यविधिको बुँदा (५)संगसम्बन्धित)

सार्वजनिक परीक्षण प्रतिवेदनको ढाँचा

श्री............................

.सरुमारानी गाउँपालिका,प्यूठान

१.योजनाकोक)नामः

ख)स्थलः

ग)लागत अनुमानः

घ)योजना शुरु भएको मितिः

ङ)योजना सम्पन्नमितिः

च) योजनाको अवस्थाःसम्पन्न, अधुरा, बिग्रेको

२.उपभोक्ता समिति/गैसस/सामुदायिक संस्थाको

क)नामः

ख)अध्यक्षको नामः

ग)सदस्य संख्याः महिला.....पुरुष.....

३.सार्बजनिक परीक्षण भएकोक)मितिः ख)स्थानः ग) समयः

४.उपस्थितिः (उपस्थितिको छाँया प्रति संलग्नगर्नुपर्ने)

| नाम | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

५.योजनाको लक्ष तथा प्रगति विवरणः

| कामको विवरण | लक्ष | प्रगति |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

६.उपभोक्ता समिति/गैसस/सामुदायिक संस्थाले पेश गरेको आम्दानी खर्चको विवरणः

आम्दानीतर्फ

| आम्दानी तर्फ | |
|---|---|
| विवरण | रकम रु. |

| | |
|---|---|
| पालिका/सहयोगी संस्थाबाट निकासा | |
| सामग्री | |
| जनसहभागिता | |
| श्रमदान | |

खर्चको विवरण

| | | **खर्चको विवरण** | |
|---|---|---|---|
| **अनुदानतर्फ** | | **श्रमदानतर्फ** | |
| विवरण | रकमरु. | विवरण | रकमरु. |
| क.निर्माणसामग्री | | क.निर्माण सामग्री | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| ख.कामदार | | ख.कामदार | |
| | | | |
| | | | |
| | | | |
| ग.ढुवानी | | ग.ढुवानी | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| घ.मेसिनरीऔजार | | घ.मेसिनरीऔजार | |
| | | | |
| | | | |
| | | | |
| जम्मा | | जम्मा | |

७. उपभोक्ता समिति र सामुदायिक संस्थाले पेश गरेको विवरण माथि सार्वजनिक परीक्षणमा उपस्थित ब्यक्तिहरूको प्रतिक्रिया तथा सुझावः

| क्र.सं. | सुझावकर्ताको नाम थर | सुझावकोक्षेत्र,<br>प्रतिक्रिय ातथा सझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

उपयुक्त खर्च विवरण उपभोक्ता समितिले पेश गरेको विवरण सँग मेल खान्छ वा खाँदनै ? मेलन खाने भएमा कैफियत जनाउनेः

८.जानकारीका लागि सो विवरण सवै सरोकारवालाहरूलाई सूचित गर्न सार्वजनिकस्थलको सूचनापाटी टाँस भए नभएको

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| नामः | नामः | नामः |
| सहजकर्ता/प्राविधिक | उपभोक्ता समितिको अध्यक्ष | पालिकाको पदाधिकारी |

प्रतिवेदन बुझाएको मितिः

अनुसूची—३

(कार्यविधिको बुँदा१५.४संग सम्बन्धित)

सार्बजनिक परीक्षणको लागि निर्माण व्यवसायिले तयार गर्ने विवरणको ढाँचा

१.योजनाको

क)नामः ख)स्थलः

ग)ठेक्काअंकः घ)योजना शुरु भएको मितिः

ङ)योजना सम्पन्न मितिः

२. निर्माण ब्यवसायीकोः

क) फर्मकोनामः ख) प्रोप्राइटरकोनामः

३.सम्पन्न योजनाको लक्ष्य तथा प्रगति विवरण

| कामको विवरण (मुख्यमुख्य कार्यहरू खुलाउने | लगत अनुमान | यथार्थ |
|---|---|---|
| | | |
| | | |
| | | |

४.योजनाले पुर्याएको लाभ तथा प्रत्यक्ष रुपमा लाभान्वित जनसंख्या (योजना संचालन भएका)स्थानका उपभोक्ताहरू

५.योजना संचालनको क्रममा पालिकाले गरेको अनुगमन पटकः

६.कार्यक्रम संचालनको क्रममा भोगेका समस्याहरू(बुंदागत रुपमा लेख्ने)

७. सम्पन्न योजनालाई दिगो रुपमा संचालन गर्न के गर्न आवश्यकछ? (बुंदागत रुपमा लेख्ने)

....................................

ठेकेदार वा प्रतिनिधिको

दस्तखतः

नामः

निर्माण ब्यवसायको नामः

विवरण पेश गरेको मितिः

अनुसूची—४

(कार्यविधिको बुँदा१५.७ संगसम्बन्धित)

निर्माण व्यावसायीवाट संम्पन्न कार्यक्रम वा आयोजनाको सार्बजनिक परीक्षण प्रतिवेदनको ढाँचा

श्री.....................

सरुमारानी गाउँपालिका

१.योजनाकोक)नामः ख)स्थलः

ग)ठेक्का अंकः

घ)योजनाशुरु भएको मितिः

ङ)योजना सम्पन्न मितिः

२.निर्माण ब्यवसायीकोः

क)फर्मको नामः

ख)प्रोप्राइटरको नामः

३.सार्बजनिक परीक्षण भएको

क) मितिः

ख) स्थानः

ग) समयः

४.उपस्थितिः

| नाम | ठेगाना | पद |
|---|---|---|
| | | |
| | | |

५.योजनाको लक्ष्य तथा प्रगति विवरणः

| कामको विवरण (मुख्यमुख्य कार्यहरू खुलाउने) | लागतअनुमानअनुसार | यथार्थ |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

६.निर्माण व्यवसायीले पेश गरेको विवरण माथि सार्बजनिक परीक्षणमा उपस्थित ब्यक्तिहरूको

| क.सं. | सुझाव कर्ताको नाम थर | सुझावको क्षेत्र | प्रतिक्रिया तथा सुझावको सार संक्षेप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रतिक्रिया तथा सुझावः

७. सहभागीवाट आएका विचार तथा अवलोकनवाट देखिएका तथ्यहरूको विश्लेषण

| | | |
|---|---|---|
| .................... | .................... | .................... |
| नामः | नामः | नामः |
| सहजकर्ता/प्राविधिक | निर्माण व्यवसायी | पालिकाको पदाधिकारी |

प्रतिवेदन बुझाएको मितिः

अनुसूची-**५**

**(कार्यविधिको बुँदा १७ संग सम्बन्धित) आयोजनाको सूचना पाटीको ढाँचा**

| | | | |
|---|---|---|---|
| आयोजना/परियोजनाको नाम | : | आयोजना/परियोजना स्थल | : |
| कुललागत/बजेट (रु.) | : | पालिकाको लगानी(रु.) | : |
| जनसहभागिता ( उपभोक्तावा समुदायले वेहोर्ने) रकम (रु.) | : | अन्यलगानी(रु.) | : |
| परियोजना शुरु मिति | : | सम्पन्नहुने मिति | : |
| निर्माण व्यवसायी,उपभोक्ता समिति व ाकार्यान्वयन गर्ने निकाय संस्थाको नाम | : | सम्पर्क व्यक्ति नाम र सम्पर्क नं. | : |
| लाभाविन्त घरपरिवार | : | लाभान्वित जनसंख्या | : |

अनुसूची-६

(कार्यविधिको बुँदा २६ संगसम्बन्धित)

सार्वजनिक परीक्षण अभिमुखिकरण कार्यक्रममा प्रस्तुत गर्ने विषयवस्तुः

१.परिभाषाः

क) वित्तीय लेखापरीक्षणःयसले सस्ंथाको वित्तीय कारोवारको लेखाजोखातथा पुष्टि गर्दछ । जसमामहालेखा परीक्षणको कार्यालय वा स्वीकृतिप्राप्त स्वतन्त्र लेखापरीक्षकहरूवाट वित्तीय कारोवारको लेखा र त्यसको जाँच गरी वित्तीय कारोवारको अन्तिम प्रतिवेदन दिने कार्य हुन्छ । यस भित्र आन्तरिक लेखापरीक्षण र अन्तिम लेखापरीक्षण समाबेश हुन्छन् ।

ख) सार्वजनिक परीक्षणः पालिकाले आफनो क्षेत्रभित्र संचालित योजना तथा कार्यक्रमहरूको कार्यान्वयन सुनिश्चित गरी सम्पादनहुर्ने वा सम्पादित कामको परिमाण, लागत, गुणस्तर समेतको लेखाजोखा गर्न स्थानीय उपभोक्ता तथा सरोकारवालाहरूको सहभागितामा सार्वजनिक परीक्षण गर्दछ । सार्वजनिक परीक्षणको प्रक्रियाले संचालित योजनाको उद्देश्य प्राप्तिमा मात्र सहयोग पुर्‍याउने नभई योजनाको सकारात्मक र सुधार गर्नुपर्ने पक्षका प्राप्त अनुभव र दृष्टान्तहरूलाई विश्लेषण गरी निर्णय प्रक्रिया कातहमा पृष्ठपोषण गर्दछ । संचालित योजना तथा कार्यक्रमहरू निर्धारित समय र कार्यतालिका अनुरुप कार्यान्वय नभए, भएनन् ?त्यसमा के कति र कसवाट लगानी भएको छ ? के मा कतिखर्च भयो ?कामको गुणस्तर कस्तो छ ?खर्च प्रक्रिया तथा विवरण ठीक छन् वा छैनन् ? के कस्ता सुधार कार्य उपयोगी हुन्छ आदि पक्ष बारे सरोकारवालसंग गरिने छलफल, अन्तरक्रिया, विश्लेषण र सूचनाको आदान प्रदानले पालिकाबाट गरिने विकासका कार्यक्रमहरूलाई पारदर्शी,उत्तरदायी र जनमुखी तुल्याउने मात्रहोइन स्थानीय उपभोक्ताहरूलाई आफनाभावनाव्यक्त गर्न सक्षम बनाउँदछ । सार्वजनिक परीक्षण, सामाजिक सशक्तिकरण, सामुदायिक सहभागिता तथा नागरिक निगरानीको निम्ती आवश्यक व्यवस्थापकीय औजार पनिहो ।

सार्वजनिक परीक्षण, योजना संचालनमा जनसहभागिता बृद्धि गर्न तथा जनताहरूवाट सुझाव तथा प्रतिक्रिया लिने उद्देश्यले संचालन हुन्छ, त्यसैले सावर्जनिक परीक्षणमा सहभागीहरूवाट ब्यक्त भएका विचारहरू भविष्यको नीति निर्माणको लागि आधार हुन सक्दछ । योजना फरफारक गर्ने काम स्थानीय सरकार संचालन ऐनमा ब्यवस्था भएका आधारहरू तथा पेश भएका प्रमाणको आधारमा गर्नु पर्नेछ । योजना फरफारकको क्रममा सार्वजनिक परीक्षणका बखत ब्यक्त विचारलाई आधार लिई फरफारक गर्ने नगर्ने भन्ने निर्णय गर्नु हुँदैन ।

२. सार्वजनिक परीक्षणको क्षेत्रः

क) आन्तरिक रुपमा संचालनहुनेः सार्वजनिक परीक्षण कार्यपालिकाले आन्तरिक रुपमा सम्पादनगर्दछ गराउदछ । यसले संचालित योजनाको गुणस्तरमा सुधार ल्याउँछ तथाकार्यान्वयन गर्ने निकायको आन्तरिक ब्यवस्थापनको सुधारका लागि सझुाव लिन तथा प्राप्त सुझावलाई कार्यान्वयन गर्ने उद्देश्यले संचालन गरिन्छ । यो आम उपभोक्ताहरूवाट सचांलित योजनाको प्रारम्भिकजाँचपास पनिहो ।

ख) उद्देश्य अनुरुप लगानी भए नभएको जाँचतथा सुधारः सार्वजनिक परीक्षण कार्यमा उपभोक्तावर्गलाई स्वयँम् संलग्न गराई सहभागितामूलक र पारदर्शी ढंगले भए गरेका कार्यहरूको विवचेना गर्ने, लेखाजोखा गर्ने, सबल र दुर्बल पक्षहरूको विश्लेषण गरी आगामी दिनहरूमा गर्नुपर्ने सुधारात्मक कार्यको पहिचान गरिन्छ । यसवाट संलग्न सरोकारवालाहरूले सम्पन्न भैसकेका

कार्यक्रमबाट सिकेका नयाँ सिकाइ/पाठ आदान प्रदान गरी थप सुधारात्मकउपायहरूको पहिचान गरिन्छ ।

ग)सरोकार पक्षहरूको सहभागिता र खुल्ला छलफलः सार्वजनिक परीक्षण कार्य मुख्यत उपभोक्ताहरूको चाहना तथा प्रतिक्रिया बुझ्न संचालन गरिन्छ। सार्वजनिक परीक्षणमा सबै उपभोक्ता तथा योजनाका सरोकार पक्षहरूको प्रतिनिधित्व गराई उपभोक्तालाई लागेका कुराहरू वोल्न स्वतन्त्रता दिइन्छ ।

३.सार्वजनिक परीक्षणको उद्देश्यः

(क)योजनाको आम्दानी खर्च तथा अन्यविवरणहरू आमउपभोक्ताहरू समक्ष राखी उपभोक्ताहरूको प्रतिक्रिया लिने।

(ख)कार्यक्रमप्रति जनचासोवृद्धि गरी सम्बन्धित सरोकारवालहरूको सहभागितावृद्धि गर्ने।

(ग) निर्णय प्रक्रियामा प्रजातान्त्रिक प्रक्रिया र पारदर्शीव् यवहार अवलम्बन गर्न गराउन सजग गराउने।

घ) कार्यक्रममा हुनसक्ने अनियमितता नियन्त्रण गर्ने र कुनै अनियमितता भएको पाइएमा नियन्त्रण गर्न उपभोक्ताहरूलाई जिम्मेवार बनाउने।

(ङ) योजनामा आमउ पभोक्ताहरूको स्वामित्व भाव स्थापित गर्ने।

४. सार्वजनिक परीक्षण पद्दतिः

(ब्यवस्था भएका बिधिको ब्याख्या गर्ने)

५. सार्वजनिक परीक्षणमा ध्यानदिनुपर्ने कुराहरूः

- ✓ आम उपभोक्ता भेलाभए, नभएको
- ✓ महिला, दलित र पिछडिएको वर्गको उचित प्रतिनिधित्व भए/नभएको
- ✓ कार्यक्रमले समेट्ने क्षेत्रको समानुपातिकप्रतिनिधित्वभए/नभएको
- ✓ कार्यालय/आयोजना/कार्यक्रमको हाल सम्मको कार्यान्वयन स्थिति जानकारी गराइएको/नगराइएको
- ✓ कार्यालय/आयोजना/कार्यक्रमको भौतिक र वित्तीयप्रगतिजानकारी गराइएको/नगराइएको
- ✓ विगतका परीक्षणबाट आंल्याइएका सुझावहरूको कार्यान्वयन भए, नभएको

- ✓ अनुगमन सूचकहरू तयार गरिएको, नगरिएको
- ✓ अनुगमनबाट देखिएका कमी कमजोरीहरूको सुधार गरिएको, नगरिएको
- ✓ सहभागीहरूलाई लागको कुराहरू बोल्न दिइएको, नदिइएको
- ✓ सहभागीहरूका विचारलाई जस्ताको तस्तै प्रतिवेदनमा प्रस्तुत गरिए, नगरिएको

६. फारामहरूको प्रयोगः (अनुसूचीमा ब्यवस्था भएका फारामहरूको ब्याख्या गर्ने)

७. पालिकाले सावर्जनिक परीक्षण अभिमुखिकरण कार्यक्रममा सहभागी गराउनु पर्ने

–सहभागिहरू (अधिकतम ५० जना)
– गाउँपालिकाका पदाधिकारीहरू
– अध्यक्ष तथा उपाध्यक्ष
– कार्यपालिकाका सदस्यहरु
–पालिकाका शाखा तथा इकाई प्रमुखहरू
–विकास आयोजनाको कार्यान्वयनसंग सम्बन्धितकर्मचारीहरू
–उद्योग वाणिज्य संघ, गैसस महासंघ, स्थानीय सरकारका महासंघ जस्ता पेशागत संस्था
-संस्थाका प्रतिनिधिहरू
–राजनैतिक दलका प्रतिनिधिहरू
–महिला, लैङ्गिक समता, दलित, जनजाति, पिछडिएका वर्ग आदिको उत्थानमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरू
–कार्यरत प्रमुख गैससका प्रतिनिधिहरू
–प्रमुख करदाताहरू
–कार्यरत सामुदायिक संस्थाका प्रतिनिधिहरू
–नागरिक समाजका प्रतिनिधिहरू

## अनुसूची—७
## (कार्यविधिकोबुँदा १८ सम्बन्धित)
## सहजकर्ताले सार्वजनिक परीक्षण गर्न प्रयोग गर्नुपर्ने कार्यक्रमको नमूना

| कार्यकम | जिम्मेवारी | समयावधि |
|---|---|---|
| कार्यकम औपचारिक वाअनौपचारिक कसरी गर्ने(तय गर्ने) | | |

| | | |
|---|---|---|
| भेलाको उद्देश्यबारे जानकारीगराउने | | |
| योजनाको स्थिति वा प्रगति बारे प्रस्तुतिकरण | | |
| योजनाको स्थितिबारे सहभागीको टिप्पणी | | |
| योजनाको आम्दानी खर्चविवरण प्रस्तुतगर्ने | | |
| आम्दानी खर्चउपर सहभागीको टिप्पणी लिने | | |
| भेलाको सुझाव उल्लेखगर्ने | | |
| रेकर्ड गरिएको सुझाव तथा सहीछाप | | |

अनुसूची—८

(कार्यविधिकोबुँदा१५.५संगसम्बन्धित)

सार्वजनिक परीक्षणका लागि सहजकर्ताले प्रयोग गर्नुपर्ने चेकलिष्ट

**स्वामित्वः**

(क)कार्यक्रम वा आयोजना समुदायले माग गरे अनुसार छ छैन ।

(ख) लाभान्वित घरधुरीसंख्या ।

(ग) लक्षित वर्ग समावेशी (दलित,जनजाति,महिला,गरीब,पिछडिएकोवर्ग) कोसंख्या ।

(घ) योजनाबाट हुने उपलब्धीका सूचकहरू प्रष्ट छन्छैनन् ।

(ङ) लक्ष्य र उपलब्धीबीचको फरक ।

(च) योजनाको दिगोपनका लागि समुदायको सहभागिता तथा योगदान ।

(छ) योजना समयमा सम्पन्न भयो वा भएन? भएन भनेकारणहरू ।

(ज) योजना संचालन गर्न गठित उपभोक्ता समितिको गठन प्रक्रिया उपयुक्त भए नभएको।

(झ) उपभोक्ता समितिमा वास्तविकउपभोक्ताको प्रतिनिधित्व भए नभएको ।

**योजनाको ब्यवस्थापन तथा लेखाप्रणाली**

(क) जिम्मेवारी तालिका प्रष्टरुपमा छछैन तथा योजना संचालन गर्नेले प्रस्तुुत गरे अनुसारको योजना सम्पन्न भए नभएको ।

(ख) खरिद प्रक्रिया ऐन, िनियम तथा निर्देशिका बमोजिम भयो भएन । प्रतिस्पर्धात्मक कोटेशन अनुसार नभएको भए कारण खुलाउने ।

(ग) रु.५००० भन्दामाथिको खरिदमा मूल्यअभिवृद्धिकरको बिल समावेश भए नभएको। विलहरूमा त्रुटिहरू भएनभएको ।

(घ) स्टोर ब्यवस्थापनमा त्रुटि रहे नरहेको ।

(ङ) अग्रिम भुक्तानी रकम योजनाको उपभोक्ता समिति वा सञ्चालक समितिले गरेको निर्णय भन्दा फरक छछैन ।

(छ) काटिएको चेक, बैंकको विवरणसँग चभअयलअष्भि (भिडाएररुजु)गरियो गरिएन।

(ज) खर्च विवरणमा उल्लिखित अनुसारका मानिसले काम गरेकोहो,होइन?

(झ) काम गर्ने मानिसले पूरैज् याला पाएका छन्,छैनन्?

(ञ) गाउँपालिकाबाट समयस मयमा निरीक्षण भएकोछ, छैन? निरीक्षण पश्चात् प्राप्त सुझावहरू कार्यान्वयन भए, भएनन्?

**पारदर्शिता**

(क) योजना स्थलमा योजनाको लगानी बारे प्रष्ट हुनेगरी सूचनाबोर्ड राखियोराखिएन?

(ख) योजनाकोसञ्चालनखर्चकोविवरणप्रष्टछछैन ।

(ग) मिजरमेन्ट वुक (नापीकिताव) प्रष्टसितराखिएको छछैन ।

(घ) आयोजना वा कार्यक्रम कार्यान्वयन हुनु अघि पर्याप्त जानकारी गराउने काम भए नभएको।

**अन्य**

(क) सहभागी मध्ये कसैलेउपभोक्ता समितिको कुनै सदस्यको विशेष प्रशंसा मात्र गरेको वा विरोध गरेको अवस्थामा कारण पत्ता लगाउने।

(ख) सूचना प्रवाहमा दलित,महिला,बालबालिकार पिछडिएका वर्गको सहभागिता रह्यो रहेन । कतैबाट अवरोध छछैन पत्ता लगाउने।

(ग)प्राविधिकहरूबाट समयमै सुझाव र सल्लाह प्राप्त भयो, भएन दिइएका सल्लाह र सुझावहरू उपयुक्त थिए,थिएनन् ?

(घ) योजनालाई प्रभावकारी रुपमा संचालन गर्न भविष्यको योजनाकेछ?

(ङ) योजना संचालनको क्रममा महत्वपूर्ण सिकाइ के रह्यो?

प्रमाणिकरण मितिः २०८०।०१।०७

आज्ञाले
देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत